# कार्पेन्टर (फोर्मवोर्क-सिभिल कन्ट्रक्सन)
# कुशल ट्रेड टेस्ट
# नमुना प्रयोगात्मक प्रश्न पत्र

此文件關於木模板工（土木工程）**大**工工藝測試考題。如有需要索取此文件的中文版本，請致電 2100 9000 與香港 建造業工藝測試中心聯絡。

This document related to mock test paper of skilled trade test for Carpenter (Formwork –Civil construction). Should you require an English version of this document, please contact Hong Kong Construction Industry Trade Testing Centre at 2100 9000.

# जवाफदेही नहुने बारे

यो पत्र मा लेखिएका कुनै पनि कुराहरु CIC को लिखित आदेश बिना कसैले पनि छाप्न र प्रतिलिपि तयार गर्न पाउने छैन ।प्रयोगात्मक रुपमा यो प्रश्न पत्रमा रहेको सामाग्री पूर्ण रुपमा सहि बनाउन सक्दो मेहनत गरेका छौ, यो हुदा पनि CIC सधै यो पढ्ने परीक्षार्थीहरुलाई आफ्नो यहि पेसा सम्बन्धि सल्लाहकारहरु बाट सल्लाह लिनको लागि प्रेरित गर्दछ र परीक्षार्थीहरुले यसैलाई नै आधारित मानेर अथवा यसलाई नै पूर्ण रुपमा भरोसा गरेर आफ्नो पेसा सम्बन्धि सल्लाहकारहरुको सल्लाहको विकल्पको रुपमा नलिन हुन हार्दिक अनुरोध गर्दछ ।

# सम्पर्क को लागि

यो प्रश्न पत्र सम्बन्धि केहि जाचबुझ गर्न इच्छा लागेमा ट्रेड टेस्ट सेन्टरमा सम्पर्क गर्नसक्नु हुनेछ ।


| | |
|---|---|
| 95, Yue Kwong Road | ९५ यु कोङ्ग रोड |
| Aberdeen | एबरडीन |
| Hong Kong | होंगकोङ्ग |

| | |
|---|---|
| फोन नम्बर | :(852)2100 9000 |
| प याक स नम बर | :(852)2100 9090 |
| इमेल | : enquiry@cic.hk |
| वेबसाइट | : www.cic.hk |


©२०१८ कन्स्ट्रक्सन इन्डस्ट्रि काउन्सिल

# कार्पेन्टरको लागि ट्रेड टेस्ट (फोमवोर्क - सिभिल कन्स्ट्रक्सन)

ट्रेड : कार्पेन्टर (फोर्मवोर्क - सिभिल कन्ट्रक्सन)

ग्रेड : स्किलड कामदार (Skilled Worker)

टेस्टका विषयवस्तुहरू : तोकिएको स्थानमा संलग्न गरिएको चित्रअनुसार निम्न कार्यहरू पूरा गर्नुहोस :

1. 380mm चौडाइ × 740mm उचाइ ×1220mm लम्बाइ भएको बक्स कल्भर्ट किकरको लागि फोर्मवोर्क एउटा खण्ड निर्माण गर्नुहोस् । कंक्रिट च्याम्फ़र (Concrete chamfer) को लागि फोर्मवोर्कको दुवैतिर फिलेट्स फिट भएको हुनुपर्छ । चित्रमा देखाए अनुरूप फोर्मवोर्कमा ड्रिल्द्वारा 3 वटा प्वाल बनाउनुहोस् ।

2. 400mm चौडाई ×1250mm लम्बाइ ×2400mm उचाइ भएको अर्ध गोलाकार (सेमी सर्कुलर) कोलममा स्लाबको एउटा खण्ड निर्माण गर्नुहोस् । 290mm देखि 400mm ×1062 mm × 1270mm नाप भएको प्लेटफर्म सहीतको मेटल स्काफोल्डहरू खडा गर्नुहोस् । 290mm ×1270mm नापको वाटर - स्टप फिक्स गर्नुहोस् र 290mm ×1270mm को फिलेट साइडमा फिक्स गर्नुहोस् । (फिलेटको आकार र सेटिङ परिक्षार्थिले स्वयम् निर्णय गर्नु पर्नेछ ।)

आवश्यकताहरू : सबै आयतन (डाइमेन्सन) हरूको टोलरेन्स (tolerance) ±3mm हो । फोर्मवोर्क यति बलियो हुनु पर्छ कि यसले सजिलै रिबारहरूको भार र कंक्रिटिङको काम पनि यसैमा गर्न सकियोस, यसलाई पछि साधारण प्रयास मै सजिलै निकाल्न नि सकियोस ।

समय अवधि : 6 घण्टा (खाना खाने समय बाहेक)

ध्यान दिनु पर्ने कुराहरू :

(i) हरेक परिक्षार्थीले ध्यानपूर्वक परीक्षार्थीहरूले ध्यान दिनुपर्ने कुराहरू पढ्नु पर्नेछ ।

(ii) यदि परीक्षार्थीले टेस्ट अवधिभर सुरक्षा सावधानीहरू अबलम्बन गरेनन्/गरिनन् भने उनलाई अनुत्तीर्ण भएको मानिनेछ ।


(iii) यो प्रश्नपत्र 4 पेजको छ, पूर्णाङ्क (फुल मार्क) 100 हो । उत्तीर्णाङ्क (पास मार्क) 60 हो ।

**<u>परीक्षार्थीले ध्यान दिनुपर्ने कुराहरू :</u>**


1. परीक्षार्थीहरूले प्रश्नपत्रहरू ध्यान दिएर पढ्नु पर्छ र नबुझेको कुराहरू परीक्षकसँग सोध्न सक्नुहुन्छ।
2. प्रश्नपत्रमा यदि कुनै चित्रहरू र विशेष विवरण छ भने परीक्षार्थीहरूले टेस्ट सुरु हुनुभन्दा अगावै त्यसलाई ध्यान दिएर पढ्नु पर्छ।
3. परीक्षार्थीहरूले प्रश्नपत्र, दिएको कार्य नक्साहरू र विशेष विवरणअनुसार जाँच दिनुपर्छ।
4. परीक्षार्थीहरूले जाँचमा आउँदा सेफ्टी जुत्ता आफैले लिएर आउनु पर्नेछ। अन्य चाहिने सेफ्टी सामाग्रीहरू भने ट्रेड टेस्टिङ् सेन्टर बाट नै उपलब्ध हुने छ। परीक्षार्थीहरूले कार्यस्थल सुरक्षाको सुनिश्चितता गर्न सबै सुरक्षा सावधानीहरूको पालना गर्नु पर्नेछ।
5. टेस्टमा चाहिने सबै टुल्स र सामाग्रीहरू ट्रेड टेस्टिङ् सेन्टरबाट नै उपलब्ध हुनेछ, उपलब्ध गरिएको टुल्स र सामाग्रीहरूको क्वालिटी र उपयोगिता चेकजाच भने परीक्षार्थीहरू आफैले गर्नुपर्नेछ। परीक्षार्थीहरूले सबै टुल्स र सामाग्रीहरू ट्रेड प्राक्टिस अनुसार सही तरिकाले प्रयोग गर्नुपर्नेछ। परीक्षार्थीहरूले टेस्टपछि सबै टुल्सहरू ट्रेड टेस्टिङ् सेन्टरलाइ अनिवार्य फिर्ता गर्नुपर्नेछ। यदि कुनै समस्या भएमा परीक्षार्थीहरूले परीक्षकसँग सोध्न र बुझ्न सक्नु हुनेछ।
6. परीक्षार्थीहरूले टेस्ट र सम्बन्धित कामको लागि दिइएको टुल्स र सामाग्रीहरू टेस्ट दिंदा र सहायक कार्यहरू गर्दा चलाउन र प्रयोग गर्नु पर्नेछ।
7. टेस्ट भैरहेको बेलामा परीक्षकले रेकर्डको लागि समय-समयमा फोटो खिचेर राख्नु हुनेछ।
8. परीक्षार्थीहरुले कुनै पनि मोबाइल र क्यामेरा बाट फोटो र भिडिओ खिच्न पाउने छैन।
9. इमर्जेन्सी अवस्था बाहेक टेस्ट भैरहेको समयमा परिक्षार्थीहरुले मोबाइल फोन प्रयोग गर्न पाउने छैन।
10. तल लेखिएका मापदण्डमा आधारित रहेर मार्किङ (नम्बर दिने) गरिन्छ।
    a. नक्सा र विशेष विवरणको सही तरीकाले बुझाइ
    b. टेस्टभन्दा पहिला सबै चाहिने तयारी
    c. कार्यहरूको (काम गर्ने) प्रक्रियाहरू
    d. कामको स्पष्टता तथा गुणस्तर
    e. कामको प्रगति
    f. सामग्रीहरूको सही ढङ्गले ह्याण्डलिङ
    g. टुल्स तथा उपकरणहरूको सही ढङ्गले प्रयोग
    h. सेफ्टी नियमहरूको पालन
    i. अरु ट्रेडहरूको बारेमा सोच्ने र विचार गर्ने
    j. टेस्ट सकिएपछि समानहरू मिलाउने र सरसफाइ
11. समय सकिने बित्तिकै सबै परीक्षार्थीहरूले टेस्ट रोक्नु पर्नेछ।
12. टेस्ट सकिएपछि परीक्षार्थीहरूले टेस्ट पेपर अनिवार्यरूपमा परीक्षकलाइ बुझाउनु पर्नेछ।
13. परीक्षकलाई घुस दिने प्रस्ताव गर्नु कानूनी अपराध हो, त्यस्तो केसहरूलाई ट्रेड टेस्टिङ् सेन्टरले आइ.सी.ए.सी. (ICAC) मा रिपोर्ट गर्नेछ।

**यदि परीक्षार्थीले कुनै आवश्यक सेफ्टी सावधानीहरू पालना गर्न सकेनन् र/वा कुनै डरलाग्दो स्थितिहरूमा काम गरे/गरिन् भने उनी फेल भएको मानिनेछ।**

कार्पेन्टर (फोर्मवोर्क - सिभिल कन्ट्रक्सन)- स्केच १




साइड दृस्य SIDEVIEW





नट र बोल्टहरुको स्पेसिंग
दृश्य "A "

SPACING OF BOLTS AND NUTS
VIEW 'A '

टोलेरेंस : 3 mm
मापन को लागि होइन
सबै डाइमेंशन्सहरु mm मा छन


Tolerance : 3mm
Not to Scale
All dimensions are in mm

# कार्पेन्टर (फोर्मवोर्क - सिभिल कन्ट्रक्सन)- स्केच २




FRONT ELEVATION OF COLUMN AND WALL

कोलम र वालको अगाडिको दृस्य




टोलेरेंस : 3 mm
मापन को लागि होइन
सबै डाइमेंशन्सहरु mm मा छन

माथि बाटको दृस्य

TOP VIEW

| |
|---|
| Tolerance : 3mm |
| Not To Scale |
| All dimensions are in mm |